मिति २०७९ माघ १८ गते बुधबार (वि.सं.२०७९।१०।१८) तुलसीपुर उपमहानगरपालिकाको आठौं नगरकार्यपालिका बैठका निर्णयहरु :

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०७९ श्रावण देखि हाल सम्मका बिषयगत समिति र अन्य समितिहरुबाट पेश भएको तपसिल बमोजिमका प्रगति प्रतिवेदन उपर ब्यापक छलफल गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्तुत प्रतिवेदनहरु :

१. बिधान समिति :भिमबहादुर योगी

२..सुशासन समिति :धर्मराज वली

३.आर्थिक बिकास समिति : माधव वली

४.सामाजिक बिकास समिति : मान बहादुर रावत

५.पूर्वाधार बिकास समिति :बीर बहादुर बिक

६.बन वातावरण तथा बिपद व्यवस्थापन समिति : दुजमान भण्डारी

७.लेखा समिति : घनश्याम ढकाल

८. न्यायीक समिति : स्यानी चौधरी

९.सहकारी समिति : खुसीराम चौधरी

१०.खेलकुद समिति : शिवानन्द डिसी

निर्णय नं. २

तपसिलका निर्माण ब्यवसायी ईजाजत पत्रहरु अन्तीम पटक एक पटकका लागि मात्र प्रत्येक बर्षको लाग्ने नबिकरणको दोब्बर दसतुर जरिवाना लिई नबिकरण गर्ने निर्णय ।

तपसिल

१.बबिल कन्सट्रक्सन,तुलसीपुर ५,प्रो ललित जंग शाह

२.ए.जि.पि. निर्माण सेवा,तुलसीपुर ७ प्रो पदम बहादुर बि.क.



... पौडेल ... अधिकृत ... टिकाराम खड्का ... प्रमुख

**मिति २०७९ माघ १८ गते बुधबार (वि.सं.२०७९।१०।१८) तुलसीपुर उपमहानगरपालिकाको आठौं नगरकार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका ६ स्थित शुभ कन्ट्रकसन प्रो. शिवराज खनालले घ बर्गको निर्माण ईजाजत पत्र माग गरेकोले घ बर्गको ईजाजत सम्बन्धी कार्यबिधिको ब्यवस्था बमोजिम घ बर्गको निर्माण ईजाजत दिने निर्णय गरियो ।

**निर्णय नं.४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ डाडाखुटिको कुट्टिमा आन्तरिक पर्यटन पवर्द्धन बिकासका लागि मिनि जुको माग भएको तर नगरको आन्तरिक आयबाट निर्माण कार्य सम्भव नभएकोले उक्त योजना निर्माणका लागि सम्बन्धीत निकायमा आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पबित्र धार्मिक स्थलको रुपमा बिकास हुदै गरेको र प्राग ऐतिहासिक क्षेत्रको रुपमा परिचित वडा नं. १९ को छिल्लीकोटमा केहि संरचनाहरु निर्माण भएको तर थप आर्थिक संरचनाहरु निर्माण गर्न नगरको आन्तरिक आयबाट सम्भव नभएका कारण सो क्षेत्रमा थप संरचना निर्माणका लागि सम्बन्धीत निकायमा आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

आन्तरिक पर्यटन प्रवर्द्धनको असिम सम्भावना बोकेको तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ को चमेरे गुफा संरक्षण,बिकास र प्रवर्द्धनका लागि आवश्यक संरचना निर्माणका टटकारो खांचो रहेको तर चालु आ.ब.को यस उपमहानगरपालिकाको बजेटबाट निर्माण कार्य गर्न नसकिने भएकोले आवश्यक रकम माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ को हरियाली टोल हुदै धारापानी टोल जोडने सडक जिर्ण भई आवतजावतमा समेत कठिनाही भएको तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब.को बजेटबाट स्तरउन्तीको कार्य सम्भव नभएकोले सो बाटोको स्तरउन्ती गर्न आवश्यक रकम माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

**मिति २०७९ माघ १८ गते बुधबार (वि.सं.२०७९।१०।१८) तुलसीपुर उपमहानगरपालिकाको आठौं नगरकार्यपालिका बैठका निर्णयहरु :**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ को मिलनचौक देखि छोटे तिरबिर चोक देखि गिरीराज गरन्जाका घर सम्म जाने बाटोको स्तरउन्तीका लागि आवश्यक बजेट माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमका ऐन,कार्यबिधि,निर्देशिका पारित गर्ने निर्णय गरियो

तपसिल

१. तुलसीपुर उपमहानगरपालिकाको जोखिम संवेदनसिल भूउपयोग योजना कार्यबिधि,२०७९

२.तुलसीपुर उपमहानगरपालिकाको जोखिम संवेदनसिल भूउपयोग नीति कार्यबिधि,२०७९

३.तुलसीपुर उपमहानगरपालिकाको जोखिम न्यनिकरण कार्ययोजना भूउपयोग कार्यबिधि,२०७८-०८८

४. तुलसीपुर उपमहानगरपालिका अटो रिक्सा,ईलेक्ट्रीक रिक्सा तथा टेम्पोको रुट ईजाजत तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७९

५. तुलसीपुर उपमहानगरपालिका अस्थायी करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिईने सेवा,सुबिधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९(नगरसभामा अनुमोदनका लागि पेश)

६.तुलसीपुर उपमहानगरपालिका सुशासन समिति गठन तथा सञ्चालन नियमावली,२०७९

७. तुलसीपुर उपमहानगरपालिका खेल प्रशिक्षक नियुक्ति सम्बन्धी कार्यबिधि,२०७९

८. तुलसीपुर उपमहानगरपालिका बहाल बिटौरी निर्देशिका,२०७९

९. तुलसीपुर उपमहानगरपालिका मेला महोत्सव व्यवस्थापन कार्यबिधि,२०७९

१०. तुलसीपुर उपमहानगरपालिका दलित शसक्तीकरण कार्यबिधि

**निर्णय नं.१०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. २ को पहलुवा देखि भमके हेल्थपोष्ट हुदै ठाठीगाउ,मखनटाकुरी जाने सडकको स्तरउन्नतीका लागि आवश्यक पर्ने बजेट सम्बन्धीत निकायबाट माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर ७ बम्नै देखि जीतपुर नवलपुर हुदै खाद्रे माबि चोक सम्म जानेबाटो स्तरउन्नतीका लागि सम्बन्धीत निकायका नाममा आवश्यक बजेट माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

**मिति २०७९ माघ १८ गते बुधबार (वि.सं.२०७९।१०।१८) तुलसीपुर उपमहानगरपालिकाको आठौं नगरकार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ को कालाखोला देखि घुसरी मटेरा हुदै बराहथान रापती शान्ति पार्क जानेबाटो स्तर उन्नतीका लागि आवश्यक बजेट माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा सञ्चालित जनता संस्कृत मा.बि.मा बिद्यार्थी चाप बढेको तर भौतिक पुर्बाधार न्युन भएका कारण बसाई व्यवस्थापनमा कठिनाही भएका कारण मिति २०७८।९।३० गते राष्ट्रिय योजना आयोगको बजेटबाट १२ कोठाको पक्कि भवनको निर्माण सम्पन्न भएको तर दोश्रो तलाको निर्माण कार्य प्रारम्भ नहुदा ज्यादै समस्या भएकोले राष्ट्रिय योजना आयोगमा दोश्रो तला निर्माणका लागि आवश्यक बजेट माग गर्न सिफारिस माग भएकोले जनता संस्कृत मा.बि.को दोश्रो तला निर्माणका लागि आवश्यक रकम माग गर्न राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ को बखरिया रावत टोलको करिब ३०० मिटर बाटो कालोपत्रे गर्नका लागि सम्बन्धीत निकायमा आवश्यक रकम माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ को सुपारी परियारको घरदेखि एयरपोर्ट २ नं. गेट जोडने दमुवा कुलामा कल्भर्ट निर्माणका लागि सम्बन्धीत निकायमा आवश्यक रकम माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिका ९ को नवदुर्गा सामुदायीक ग्रिनपार्क पुर्बाधार निर्माणको लागि आवश्यक बजेट व्यवस्थापनका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १५ को पहरुवा र तुलसीपुर १६ जोडने चौवाखोलामा पक्कि पुल निर्माणका आवश्यक रकम माग गर्नकालागि सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. १८**

तुलसीपुर उपमहानगरपालिका वडा न १७ को वडा कार्यालय देखि जिनुवागाउ,बनकट्टा जमेरा हुदै मज्जौ जानेबाटो स्तरउन्नतीका लागि आवश्यक रकम माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ को जितपुर चोक,हलवार,हरियाली टोल देखि बायखोला हुदैं खुमखानी जोडने सडक स्तरउन्नतीका आवश्यक बजेट माग गर्न सम्बन्धीत निकायका नाममा सिफारिस गर्ने निर्णय गरियो ।





मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

मिति २०७९ माघ १८ गते बुधबार (वि.सं.२०७९।१०।१८) तुलसीपुर उपमहानगरपालिकाको आठौं नगरकार्यपालिका बैठका निर्णयहरु :

**निर्णय नं. २०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेको जग्गाको बिगतमा मन्त्रालयको पत्रबमोजिम व्यक्ति बिशेषका नाममा स्वामित्व हस्तान्त्रण गर्ने क्रममा केहि प्राबिधिक त्रुटी भएकोले सो बिषयलाई आगामी नगरसभामा पेश गरी त्रुटी सच्याउने निर्णय गरियो ।

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १० को गौरीताल संरक्षणका लागि आवश्यक पर्ने रकम माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ मा नवदुर्गा जलाशय निर्मायाका लागि आवश्यक रकम माग गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ को आन्तरिक रिङ्गरोड निर्माणका लागि आवश्यक बजेट सम्बन्धीत निकायबाट माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

तुलसीपुर १४ आ.बि. खौसापुरको बिद्यालय भवन जिर्ण भएकोले नया भवन निर्माणका लागि आवश्यक रकम सम्बन्धीत निकायबाट माग गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

तपसिल बमोजिमका संघ संस्थाहरुलाई तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१.खुम बहादुर खडका स्मृती खेलकुद : २५०००।(पच्चिस हजार मात्र)

२.गन्धर्व सांस्कृतीक संरक्षण केन्द्र : २५०००।(पच्चिस हजार मात्र)

३.नेपाल आयुर्बेद स्वास्थ्य कर्मि समाज : २५०००।(पच्चिस हजार मात्र)

४. तुलसीपुर मेट्रो अस्पता : ७३०००।(त्रिहत्तर हजार मात्र) पलासेन्टापिट निर्माणका लागि ।

५.हिरास्मृती कप खेलकुद : २००००।(बीस हजार मात्र)

**निर्णय नं. २६**

तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन ,२०७४ का केहि दफाहरु संशोधनका लागि आगामि नगरसभामा पेश गर्ने निर्णय गरियो ।



मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

मिति २०७९ माघ १८ गते बुधबार (वि.सं.२०७९।१०।१८) तुलसीपुर उपमहानगरपालिकाको आठौं नगरकार्यपालिका बैठका निर्णयहरु :

निर्णय नं. २७

तुलसीपुर उपमहानगरपालिका फोहरमैला व्यवस्थापनका सम्बन्धमा निजि क्षेत्रलाई व्यवस्थापन दिने वा नदिने भन्ने सम्बन्धमा कार्यपालिकाबाट गठित अध्ययन कार्यदलका संयोजक श्री दुजमान भण्डारीले प्रस्तुत गर्नुभएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरसभा बैठक मिति २०७९।१०।२३ गते दिनको १.०० बजे बस्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख